नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(.....................................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८३/०८४
च.नं.: ९६

मितिः २०८३।०४।०६
ने सं ११४६ दिल्लाथ्व

श्री सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, मोरङ्ग, विराटनगर।
श्री खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, कास्की, पोखरा।
श्री सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।
श्री प्रदेश युवा परिषद्, बागमती प्रदेश, मकवानपुर, हेटौंडा।
श्री श्री प्रदेश युवा परिषद् विकास समिति, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी।
श्री प्रदेश युवा परिषद्, सुदुरपश्चिम प्रदेश, धनगढी, कैलाली।

**विषयः अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउने सम्वन्धमा।**

प्रस्तुत विषयमा हरेक वर्ष संयुक्त राष्ट्रसंघको आह्वानमा अगष्ट १२ तारिखका दिन विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने परम्परा रहिआएको छ। सन् १९९८ अगस्ट ८ देखि १२ तारिखसम्म संयुक्त राष्ट्रसंघको समन्वयमा पोर्चुगलको राजधानी लिसवनमा विश्वका १४० देशका युवा मामिला हेर्ने मन्त्री ज्यूहरुको सहभागितामा विश्व युवा सम्मेलन भएको थियो। उक्त सम्मेलनका सहभागीहरूले आफ्नो देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिवद्धता व्यक्त गर्दै युवा सशक्तिकरणका पक्षमा ८८ वुँदे लिसवन घोषणापत्र समेत जारी गरेको थियो।सन् २००० देखि संयुक्त राष्ट्रसंघको आह्वानमा अगष्ट १२ लाई विश्वभरी नै अन्तर्राष्ट्रिय युवा दिवस मनाउने गरिएको छ। मिति २०८३।०४।०१ गते माननीय युवा, श्रम तथा रोजगार मन्त्री एवम् परिषदका अध्यक्ष रामजी यादवज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय युवा परिषदको बैठकबाट परिषदको नेतृत्वमा सचिवालय गठन गरी सप्ताहव्यापि रूपमा मुलुकभर अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउने निर्णय भएको छ।संयुक्त राष्ट्रसंघले सन् २०२६ का लागि तय गरेको *"Different contexts, common Aspirations"* को नेपाली भावानुवाद "भिन्न परिवेश, साझा आकांक्षा" भन्ने आदर्श वाक्यसहित मुलुकभर रचनात्मक कार्यक्रमहरूको आयोजना गरी साउन २१-२७ गतेसम्म सप्ताहव्यापी रुपमा अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउन केन्द्रिय तहमा यस सचिवालयको समन्वयमा सरकारी, तथा संयुक्त राष्ट्र संघीय निकाय, राष्ट्रियरअन्तर्राष्ट्रिय युवा केन्द्रित संघसंस्थाहरू तथा युवा सञ्जाल र युवा अभियन्ताहरू बीच सहकार्य र साझेदारी भैरहेको छ।

तसर्थ युवाको अर्थपूर्ण सहभागितामा विविध कार्यक्रमको आयोजना गरी यही श्रावण २१-२७ गतेसम्म सप्ताहव्यापी रुपमा तहाँ पालिकाहरूमा अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ मनाउनका लागि अनुरोध छ।

संभावित कार्यक्रमहरू

१. युवा नीति वहस् तथा युवामैत्री शासन प्रवर्धन
२. युवा उद्यमशीलता तथा स्वरोजगार लक्षित कार्यक्रम
३. स्थानीय उत्पादन तथा युवा स्टार्टअप प्रदर्शनी र उत्प्रेरणा
४. युवा लक्षित प्रतियोगिताहरू
५. युवा परिषद् गठन तथा परिचालन
६. सरसफाई, वृक्षारोपण जस्ता सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय क्षेत्रमा युवा स्वयमसेवक परिचालन ।

गेहनाथ गौतम
नि. प्रशासकीय प्रमुख

बोधार्थः
श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं,
श्री युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरबार, काठमाडौं।

वेवसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष),